दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्भनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २७५ | बुटवल | २०८१ असोज १५, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Oct. 01, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## दाउन्नेमा राजमार्ग बन्द

बुटवल। पूर्व - पश्चिम राजमार्गअन्तर्गत पश्चिम नवलपरासीको दाउन्नेमा सडक भासिंदा राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको छ।

बर्दघाट नगरपालिका - ४ दाउन्ने जंगलस्थित खुर्सानीखोलामा सडक भासिएपछि सवारी आवागमन ठप्प भएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सूचना अधिकारी डीएसपी रेशम बोहोराले जानकारी दिए।

सडकको माथिल्लो भागमा रहेको पर्खाल भत्किएपछि विद्युत् हाइटेन्सन लाइन सडकमा ढलेको थियो। उक्त पोल हटाउने प्रयास गर्दागर्दै सडक भासिएपछि राजमार्ग पूर्णरुपमा अवरुद्ध भएको हो।

साँझ ५ बजेपछि अवरुद्ध राजमार्ग खुलाउने प्रयास भइरहेपनि तत्काल सम्भव नभएको प्रहरीले जनाएको छ। सडक डेढ फिट भासिएको र बाँकी भाग पनि चर्किएकाले मर्मत सम्भारका लागि सडक डिभिजन कार्यालय चितवन र विद्युत् प्राधिकरणसँग समन्वय भइरहेको डीएसपी बोहोराले बताए।

सडक अवरुद्ध भएपछि नारायणगढबाट आउँदै गरेका सवारी साधनलाई दुम्कीबास र बुटवलतर्फबाट जाँदै गरेका सवारी साधनलाई बर्दघाटमा रोकिएको छ।

## घाघरा खोलामा दुईजनाको शव फेला

भैरहवा। रुपन्देहीको घाघरा खोलामा दूध बोक्ने गाडी बगाउँदा शनिबारदेखि वेपत्ता भएका दुईजनाको शव फेला परेको छ। मर्चवारबाट दूध लिएर भैरहवा आउँदै गरेको भे १ च २६७६ नम्बरको जीपमा सवार चालक प्रकाश तामाङ र सह-चालक उमेश लोधको शव सोमबार बिहान भेटिएको हो।

रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक रञ्जितसिंह राठौरका अनुसार सोमबार बिहानदेखि खटिएको प्रहरी टोलीले ७ बजे सह-चालकको र साढे १० बजे चालकको शव फेला पारेको हो। शव फेला पारेपछि परिवार र स्थानीयले आएर शवको पहिचान गरेका र शव परिवारलाई जिम्मा लगाइएको एसपी राठौरले बताए।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पछाडि रहेको घाघरा खोलाबाट हराएको जीप आइतबार साँझ फेला परेको थिया।

शनिबारबाट नै सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेना र स्थानीयले खोजी कार्य गरिरहेका थिए। सम्मरीमाइ गाउँपालिका-५ रोइनिहवास्थित तिवारी दूध संकलन केन्द्रबाट दूध लिएर जीप शनिबार बिहान ५ बजे भैरहवा आउँदै गरेको थियो। सोही क्रममा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पछाडि रहेको घाघरा खोलाबाट हराएको थियो।

## दुर्गा प्रसाईविरुद्ध मुद्दा दायर

काठमाडौं। दुर्गा प्रसाईविरुद्ध साइबर अपराध गरेको आरोपमा जिल्ला अदालत काठमाडौंमा दुईवटा साइबर अपराधको मुद्दा दायर भएको छ।

» बाँकी ३ पेजमा

# किसान र व्यवसायीसँगको सम्झौता तोड्दा असफल हुँदै बुटवलको वधशाला

**उप-महानगरपालिकाले पूर्व सहमति पालना नगरी धोका दिएकाले व्यवसायी र किसान मिलेर छुट्टै वधशाला सञ्चालन गर्ने योजनामा छन्। उप-महानगरले ऐनको आडमा जबर्जस्ती गर्दा राज्यको २३ करोड रुपैयाँ लगानीको पूर्वाधार बेवारिसे बन्ने जोखिम बढेको छ।**

**टिआर शर्मा**
*बुटवल*

राज्यको करोडौं लगानी भएको बुटवलको पशु वधशाला सफलतापूर्वक सञ्चालन हुनेभन्दा असफल हुने जोखिम बढेको छ। सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडेलको मर्म र भावना विपरित उपमहानगरले टेण्डरमार्फत् बाहिरको निजी कम्पनीलाई सञ्चालन गर्न दिएपछि स्थानीय व्यवसायी र बाख्रापालक किसानले वधशालाको अपनत्व लिएका छैनन्।

रूपन्देहीका एक हजार बढी मासु व्यवसायी र पाँच हजार बाख्रापालकसँग कुनै सहमति नगरी वधशाला सञ्चालनको प्रक्रिया अघि बढाइएपछि उनीहरुको असन्तुष्टी र असहमति छ।

सुरुमा आफूहरुलाई नै सञ्चालन गर्न दिने भनी वर्षौं झुलाएर अन्तिममा टेण्डरको नाममा धोका दिएको भन्दै व्यवसायी र किसानहरु उपमहानगरसँग रुष्ट छन्।

बाख्रापालक किसानले वधशालालाई खसी बोका दिएका छैनन। मासु व्यवसायीहरु वधशालामा खसी बोका बध गर्न गएका छैनन्।

जसले गर्दा उद्घाटन भएको लामो समय बित्दासमेत मुक्तिनाथ एग्रो प्रालिले ठेक्का पाएको वधशाला चल्न सकेको छैन। उप-महानगरले ऐन र कार्यविधिको आडमा व्यवसायीलाई वधशालामा जान बाध्य पार्न खोजेको छ। पछिल्लो समय अनुगमनको नाममा व्यवसायीलाई १० हजारका दरले जरिवाना काटेर आतंकित बनाएको मासु व्यवसायी संघको तर्क छ। ऐनअनुसार पहिलोपटक १० हजार, दोस्रोपटक २५ हजार र तेस्रोपटक ५० हजार जरिवाना र त्यसपछि पसल नै बन्द गर्ने प्रावधान छ।

वधशाला ऐन र कार्यविधि बनाउँदा मुख्य सरोकारवाला पक्ष मासु व्यवसायीहरुले राखेका माग र सुझाव नसमेटी ठेक्का पाएको कम्पनीलाई मात्र फाइदा हुने गरी एकपक्षीय ऐन कानुन बनाइएको,साना र मझौला व्यवसायीले मापदण्डअनुसारको स्वच्छ मासुको व्यवसाय गर्न पाउने अधिकार कुण्ठित गरिएकाले उक्त ऐन नसच्याएसम्म वधशालामा वध गर्न जान बाध्य नहुने मासु व्यवसायीहरुको भनाइ छ। मासु व्यवसायी संघ रुपन्देहीका अध्यक्ष विशाल थापाले व्यवसायीका माग नसुनी जबर्जस्ती गरे आन्दोलनमा जाने चेतावनी दिए। 'हामी जुनसुकै कदम चाल्न तयार छौं, विधि र पद्धतीलाई स्थापित गर्ने गरी उप-महानगरसँग हाम्रो लडाई जारी रहन्छ।'-उनले भने।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा केही समयअघि भएको सरोकारवालाबिचको छलफलमा समेत मासु व्यवसायीको माग सम्बोधन गरेर मात्रै अगाडिको कदम चाल्ने सहमति भएको प्रमुख जिल्ला अधिकारी गणेश अर्याल बताउँछन्। तर उप-महानगरले प्रमुख जिल्ला अधिकारीसँग भएको छलफलको निचोड विपरित अनुगमनका नाममा आतंक सिर्जना गरेर जबर्जस्ती वधशालामा जान बाध्य पार्न खोजेको मासु व्यवसायी संघका अध्यक्ष थापाले बताए। जबर्जस्ती गरिए व्यवसायी र किसान मिलेर साना र मझौलास्तरका छुट्टै वधशाला सञ्चालन गर्ने योजनामा उनीहरु छन्।

वर्षौंदेखि मासु व्यवसाय गरिरहेका बुटवलका सयौं व्यवसायी र लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा बाख्रापालन गरेका हजारौं किसान मिलेर सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा मात्रै वधशाला चलाउन सकिन्छ भन्ने निचोडका साथ बुटवलमा वधशालाको पूर्वाधार बनेको थियो। व्यवसायी र किसान मिलेर बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालि स्थापना गरेका थिए। यो कम्पनीमा बुटवलका मासु व्यवसायी, गुल्मी, पाल्पा, अर्घाखाँची र कपिलवस्तुका खसी, बोका पालन गर्ने महिला किसानका सहकारी र समूह आबद्ध छन्। कम्पनीमा ३४ सहकारी, ४ इन्भेष्टमेन्ट कम्पनी गरी ५ हजार १ सय २६ शेयर सदस्य छन्।

उनीहरुको कम्पनीले उप-महानगरका सबै प्रकृया पूरा गरी वधशाला सञ्चालनको अन्तिम तयारीमा रहेका बेला बुटवल उप-महानगरपालिकामा स्थानीय चुनावसँगै नयाँ नेतृत्व आयो। मेयरमा खेलराज पाण्डेयको नयाँ नेतृत्व आएपछि पीपीपी मोडलमा चलाउने उद्देश्यका साथ सुरु भएको अवधारणामाथि एकाएक तुषारापात भयो। अर्को अर्थमा धोका भयो। र छनोट भइसकेको कम्पनीलाई जानकारी नै नदिई स्वीकृत टेण्डर रद्द गरी नयाँ टेण्डर भयो। बुटवल बाहिरको एउटा कम्पनीले ठेक्का पाएपछि स्थानीय व्यवसायी र बाख्रापालक किसान वधशालाप्रति सकारात्मक बन्न सकेनन्।




किसान र व्यवसायीको असहयोगले वधशाला सहजै सञ्चालन हुनेमा आशंका छ। व्यवसायीहरुले ऐन कानुन संशोधन गरी समाजवादी अवधारणाअनुसार साना र मझौला व्यवसायीले पनि आफ्नो पुँजी अनुसारको दैनिक ५ देखि १० वटासम्म खसी बोका वध गर्न पाउने गरी साना र मझौला वधशाला पनि सञ्चालन गर्न पाउने संवैधानिक हक सुनिश्चित हुनुपर्ने अडानमा छन्। उनीहरुले वधशालाकै मापदण्ड र गुणस्तरको मासु बेच्न आफूहरु तयार रहेको स्पष्ट पारेका छन्। बुटवलको वधशालामा दैनिक एक हजार खसी बोका वध गर्न सकिने क्षमता भए पनि हाल क्षमताको ५ प्रतिशत पनि वध नभएको व्यवसायीहरुको दाबी छ।

'उपभोक्तालाई स्वच्छ र गुणस्तरीय मासु बेच्ने कुरामा हाम्रो विमति छैन, तर सबै नागरिकले स्वतन्त्रतापूर्वक पेशा व्यवसाय गर्न पाउने संविधानले दिएको मौलिक हक विपरित चार किल्ला तोकेर अमुक कम्पनीसँग मात्रै कारोबार गर्न पाउने गरी जुन ऐन कानुन बनेको छ, यो अविलम्ब संशोधन हुनुपर्छ र साना तथा मझौला व्यवसायीले पनि ठूलो वधशालाको मापदण्डअनुसारको साना र मझौला वधशाला चलाउन र मासुको व्यवसाय गर्न पाउनुपर्छ,' मासु व्यवसायी संघका अध्यक्ष विशाल थापाले भने-'नेपालको संविधानले नै समाजवादउन्मुख व्यवस्था भनेको बेला ठूला पुँजीपतिले मात्रै व्यापार व्यवसाय गर्न पाउने गरी ऐन कानुन बनाउनु संविधानको बर्खिलाप छ, यो संशोधन हुनुपर्छ।'

बुटवल उप-महानगरपालिकाले सार्वजनिक – निजी – उत्पादक – साझेदारी मोडलमा चलाउने गरी वधशाला सञ्चालनका लागि प्राविधिक सहयोग गर्दै आएको हेफरसँग सहमति गरेको थियो। यही सहमतिका आधारमा मासु वधशाला निर्देशिका तयार गरेको थियो। किसानलाई वधशालाको मालिक बनाउने र व्यवसायीलाई पनि अपनत्व दिने शर्तमा हेफरले झण्डै ४ करोडको प्राविधिक सहयोग गरेको थियो। वधशालाको डीपीआर हेफरकै सहयोगमा भएको हेफर नेपालका निर्देशक डा. तिर्थ रेग्मी बताउँछन्।

आधुनिक वधशाला निर्माणको लागि भारतबाट विज्ञ प्राविधिक ल्याएर डीपीआर बनाएको र आयोजनाप्रति प्रदेश सरकार, मासु व्यवसायी, किसान र उपमहानगरपालिकाको तत्कालीन नेतृत्वलाई सहमत गराई संयोजनको काम गरेको रेग्मी सम्झन्छन्। तर सञ्चालनको बेला किसान र व्यवसायीलाई धोका दिने काम भएको डा. रेग्मीको बुझाई छ। बुटवल उप-महानगरपालिकालाई वार्षिक ५८ लाख रुपैयाँ बुझाउने गरी मुक्तिनाथ एग्रो प्रालिसँग सम्झौता भई सञ्चालन गरेको छ।

मुक्तिनाथले ठेक्का हात पार्नु अघि उप-महानगरपालिकामा मेयरसहितका व्यक्तिहरु, बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिका सञ्चालक एंव प्राविधिक सहयोग गर्दै आएको हेफरका विज्ञसहितको बैठकमा वधशाला सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो। यो बैठकमा बुटवल मासु उत्पादन तथा प्रशोधन कम्पनीले बुटवल उप-महानगरपालिकालाई वार्षिक ४७ लाख बुझाउने सहमति भएको थियो। यो सहमति कार्यपालिका बैठकबाट पारित गर्ने निर्णय भयो। कार्यपालिकाबाट निर्णय पनि भयो। वधशाला सञ्चालनको सम्झौताको ड्राफ्ट तयार भएको थियो। सम्झौता हुने दिन पर्खेर बसेका बेला टेण्डर सूचना निकालेर नयाँ कम्पनीसँग सम्झौता भएपछि वधशाला सञ्चालन गर्न अग्रसर किसान र व्यवसायीले धोका पाएको महसुस गरेका थिए। बुटवल मासु उत्पादन तथा प्रशोधन प्रालिका अध्यक्ष कृष्ण पौडेलका अनुसार, एक वर्ष अघि नै उप-महानगरपालिकाको बैंक खातामा १ करोड ९० लाख रुपैयाँको बैंक जमानत पेश थियो। टेण्डर आव्हानपछि बैंक जमानतको रकम फिर्ता भएको छ।

महिला उद्यमी हुमादेवी पौडेलले बुटवल उप-महानगरपालिकाको निर्णयले किसान, व्यवसायी र उपभोक्ता सबैलाई मर्का परेको बताइन्। 'हाम्रो पैसा दुई वर्षसम्म उपमहानगरपालिकाले राख्यो,पछि धोका दिएर सम्झौता तोड्यो।'-उनले भनिन्।

सार्वजनिक–निजी–साझेदारी मोडलअनुसार बुटवलको वधशालाको सञ्चालनको काम अघि बढेसँगै विराटनगर, पोखरा र दाङमा चलाउने गरी प्रक्रियागत रुपमा काम अघि बढिरहेको बेला यहाँ सहमति तोडिएपछि अरु स्थानीय तहको विश्वास गर्ने कि नगर्ने भन्ने प्रश्न खडा भएको छ।

बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले प्रकृयासम्मत ढंगले टेण्डरमा छनोट भएको कम्पनीले वधशाला सञ्चालन गरेको भन्दै ऐन कानुन पालना गर्नु सबै नागरिकको दायित्व भएको बताए। बुटवल उप-महानगरपालिका-१० रामनगरमा २ विघा ३ कट्ठा क्षेत्रफलमा वधशाला बनेको छ। यहाँ खसी बोकाको चरन, होल्डिङ सेन्टर, पशु स्वास्थ्य जाँच तथा उपचार कक्ष, वधशालामा खटिनेहरूका लागि प्राथमिक उपचार कक्ष, सुरक्षा कक्ष, फोहोर प्रशोधन केन्द्र, हरियाली उद्यान र बगैंचा निर्माण गरिएको छ। झण्डै २३ करोड लगानी रहेको वधशालामा लुम्बिनी प्रदेश सरकारले १६ करोड रुपैयाँ लगानी गरेको छ। अरु लगानी हेफर नेपाल र बुटवल उप-महानगरपालिकाको हो।

# सीमा अपराध रोक्न रूपन्देहीमा 'स्क्वायड डग'

**मोहम्मद हबिब**
*भैरहवा*

दसैं, तिहार र छठ पर्वलाई लक्षित गर्दै रुपन्देहीमा 'स्क्वायड डग' बाट सीमा तथा शंकास्पद क्षेत्रमा निगरानी बढाइएको छ। खुल्ला सीमा नाकाको फाइदा उठाउँदै हुन सक्ने सीमा अपराधलाई प्रभावकारी ढंगले नियन्त्रण गर्न सशस्त्र प्रहरी बल नेपालले रुपन्देहीमा ५ जना को टोलीसहित २ वटा कुकुर परिचालन गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालय काठमाडौंबाट आएका स्क्वायड डग टिमले लागुऔषध, विस्फोटक पदार्थ तथा हातहतियारको निगरानी गर्ने छ। सीमा क्षेत्रमा ती कुकुरहरुलाई परिचालन गर्नका लागि सशस्त्र प्रहरी वरिष्ठ हवलदार नविन श्रेष्ठको नेतृत्वको (के-नाइन) टोली रुपन्देही आइपुगेको छ। सीमावर्ती क्षेत्रमा हुन सक्ने अवैध लागुऔषध, विस्फोटक पदार्थ तथा हातहतियार ओसार पसार नियन्त्रण गर्नका लागि उनीसहित ५ जना तालिम प्राप्त टीम रुपन्देही आएको छ।

डेजी र साया नाम गरेका कुकुरले विष्फोटक पदार्थ, लागुऔषध तथा हातहतियार भएको थाहा पाएपछि जानकारी दिने गर्छ। साया ल्याब्रोडर प्रजातिको कुकुर हो, यसले लागुऔषधको पहिचान गर्छ भने डेजी जर्मन सेफर्ड प्रजातिको हो, यसले हातहतियार र विष्फोटक पदार्थको पहिचान गर्ने सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण, हेडक्वाटर भैरहवाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक (एसपी) आनन्द थापाले बताए।

थापाले अहिलेको लागि अनियमित रुपमा सीमा क्षेत्र र भिआइपी मुभमेन्ट यसलाई प्रयोग गर्छौं, कुकुरले यहाँको वातवरणलाई सहज रुपमा लिए यसलाई निरन्तरता दिई सीमा अपराध नियन्त्रणमा प्रभावकारी ढंगले काम गर्ने बताए। अहिलेको लागि विशेष आर्थिक क्षेत्रमा रहेको बेसमा यसलाई राखिने र आवश्यकताअनुसार बेलहिया नाका, ककरहवा नाका, भगवानपुर नाकालागयतका क्षेत्रमा चेकजाँचमा प्रयोग गरिने उनले जनाए।

जिल्ला प्रशासन कार्यालयमा 'स्क्वायड डग'को बारेमा विफ्रिङ गरी सोमबारबाट चेकजाँचमा कुकुर खटाइएको छ। रुन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले चाडपर्वका बेलामा मात्र नभइ जिल्लाको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै यो टीमलाई निरन्तरता दिनुपर्नेमा जोड दिए। उनले भने-'यसको प्रभावकारिता स्थापित होस्। यो टीमलाई निरन्तरता दिन सके अझ राम्रो कार्यसम्पादन हुनेछ।'

डेंगु लगायत किटजन्य रोग नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजौं र लार्भा नष्ट गरौं अभियान

डेंगु रोग सम्बन्धि जानकारी

डेंगु रोग एडिज लामखुट्टेको टोकाइबाट सर्ने सरुवा रोग हो। यो रोग एक मानिसबाट अर्को मानिसमा संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्दछ। डेंगु रोग लागेपछि निम्न लक्षणहरु देखिन्छन्।
- उच्च ज्वरो आउनु।
- आँखा र टाउकाको पछाडीको भाग दुख्नु।
- जोर्नी, हड्डी तथा मांशपेशी दुख्नु।
- छालामा बिमिरा आउने।
- शरीरका कुनै पनि भागबाट रक्तश्राव हुने।

डेंगु संक्रमणबाट बच्ने एक मात्र उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु हो।
त्यसैले डेंगुबाट बच्न तलका उपायहरु अपनाऔं।
- लामखुट्टेको वृद्धि बिकास रोक्न लामखुट्टेले फुल पार्न सक्ने स्थान पत्ता लगाई नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुल्ला भाँडामा पानी जम्न नदिने।
- सधैं झुल टाँगेर सुत्न।
- खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउने।
- घरको झ्याल ढोकामा जाली हाल्ने।
- सम्भव भएसम्म लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गरौं।
- घर पालुवा पशुपंक्षी व्यबस्थित ढंगले पालौं।
- डेंगुका लक्षण देखिएमा तत्काल स्वाथ्यकर्मी सँग सल्लाह गरि उपचार गराउने।




रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प)
लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

## सम्पादकीय

### लुम्बिनी विकास कोष–व्यवसायी सहमति

लुम्बिनी विकास कोषसँग सहमति भएपछि भुक्तानी नदिएको भन्दै आन्दोलनमा उत्रेका निर्माण व्यवसायीले आन्दोलन स्थगित गरेका छन् । झण्डै एक वर्षदेखि रोकिएको भुक्तानी छिटो छरितो गरेर संकटमा परेका व्यवसायीलाई जोगाउनु राज्यका निकायको काम हो, तर संघीय सरकारको अर्थमन्त्रालयले कोषलाई भुक्तानीको लागि पठाएको रकम भुक्तानी गर्न बेवास्ता गर्नु स्वाभाविक थिएन् ।

सरकारको भुक्तानी प्रणाली बिथोलिएपछि मारमा परेका व्यवसायीले मजदुरलगायतलाई दिनुपर्ने रकम दिन सकेका छैनन् । उनीहरुको आन्दोलनमा मजदुर समेत साथमा छन् । व्यवसायी र मजदुरको आन्दोलनमा आक्रोश मिसिदा कोषका पदाधिकारीलाई हातपात समेत भयो । आन्दोलनलाई मर्यादित र जिम्मेवार बनाउन ध्यान नपुग्नु निर्माण व्यवसायीको कमजोरी हो । यो कमजोरीलाई स्विकार गरेर आगामी दिनमा कमजोरी नगर्ने प्रतिबद्धता जनाएका छन् । कोषका पदाधिकारीले पनि निर्माण व्यवसायीलाई दिनुपर्ने भुक्तानी तत्काल उपलब्ध गराउन प्रक्रिया अघि बढाउन सहमत भएका छन् । दुई पक्षबिच सहमति गराउन रूपन्देहीका प्रमुख जिल्ला अधिकारीले खेलेको भूमिका सकारात्मक छ । दसैंको मुखमा भुक्तानी भयो भने व्यवसायी र मजदुरको अनुहार उज्यालो हुने छ, उनीहरुको परिवारमा खुशीयाली छाउने छ ।

लुम्बिनी विकास कोषका पदाधिकारीले भुक्तानी गर्नुपर्ने रकम छिटो टुंग्याउन पहलकदमी लिनुपर्दथ्यो । कोषका पदाधिकारीबिचको बेमेल पनि यो भुक्तानी प्रक्रियाको सन्दर्भमा बाहिर आएका छन् । उनीहरुबिचको बेमेलले लुम्बिनीको विकासमा बाधा पुगेको छ ।

कोषमा उपाध्यक्ष, सदस्यसचिव, कोषाध्यक्ष र योजना प्रमुखको काम र क्षेत्राधिकार लुम्बिनी विकास कोष विनियमावलीले प्रष्ट पारेको छ, तर उनीहरुबिच समन्वयको अभाव छ । ती पदाधिकारी अझैं राजनैतिक दलपिच्छे फरक हुँदा बेमेल बेलाबखत छरपष्ट हुँदै आएको छ । यो बेमेलले कोषको छवि राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा सकारात्मक बन्न सकेको छैन ।

सधैंभरी कोषमा झगडा गराउने पदाधिकारी साटो अब कोष प्रशासन प्रमुख कार्यकारी अधिकृत मोडलमा चल्ने बनाउन पहल हुनुपर्छ । उपाध्यक्ष कोषको नीतिगत नेतृत्व गर्ने र अरु प्रशासनिक कामको नेतृत्व प्रमुख कार्यकारी अधिकृतले गर्ने व्यवस्था गर्ने हो भने कोषको काम व्यवस्थित बन्न सक्छ । लुम्बिनी विकास कोष झगडा गर्ने थलोबाट मुक्त हुनसक्छ ।

# बजारमा पाइने खानेकुराको प्याकेटमा के–के हेर्ने ?



गीता कार्की

मोटोपन र अधिक तौल अहिले विश्वव्यापी जनस्वास्थ्य समस्याका रुपमा रहेका छन् । मोटोपनलाई मधुमेह, मुटु रोग, मिर्गौला रोग लगायत अन्य नसर्ने रोगहरुको कारक पनि मानिन्छ। सर्ने रोगभन्दा नसर्ने रोगका कारण अधिकांश मानिसहरुको मृत्यु हुने गरेको तथाङ्कले बताउँछ । अल्पविकसित र मध्यमविकसित राष्ट्रहरुमा दीर्घरोगका कारण मृत्यु हुनेहरुको संख्या विकसित देशहरुमा भन्दा बढी देखिन्छ । दीर्घरोगका विभिन्न कारणहरु जस्तै मध्यपान, सूर्तीजन्य पदार्थको सेवन, शारीरिक निस्क्रियता, आदिका साथै अस्वस्थकर खानपान पनि एक प्रमुख कारण हो । बढ्दो शहरीकरण, कार्यव्यस्तता र मनोरन्जनका निमित्त हामी नेपालीहरुको बाहिर खाने प्रचलन बढ्दो क्रममा छ । त्यस्तै बढ्दो बजारीकरण र विश्वव्यापारीकरणले गर्दा नेपाली बजारमा पनि थुप्रै प्याकेटका र बट्टा बन्द प्रशोधित खाद्य वस्तुहरु बिक्री वितरण भइरहेका देखिन्छन् । यी खानेकुराहरु तयार गर्न धेरै समय नलाग्ने र प्याकेट खोलेर सिधै खान मिल्ने भएकाले उपभोक्ताहरु यसप्रति बढी आकर्षित भएको पाइन्छ ।

अति प्रशोधित खाद्य वस्तुको खपत बढाउन, स्वाद बढाउन र फेरी खाने तलतल बढाउन नुन, चिल्लो र चिनी प्रशस्त मात्रामा प्रयोग गरिएको हुन्छ । अर्कातिर, खाद्य वस्तुहरुलाई लामो समय संरक्षण गरेर राख्न विभिन्न खाद्य संरक्षकहरु (प्रिजरभेटिभहरु) प्रयोग भएका हुन्छन् । खाद्य संरक्षकहरु कति मात्रामा प्रयोग गर्न मिल्ने र दैनिक कति मात्रासम्म खान मिल्ने भन्ने मापदण्ड हुन्छ । यद्यपि कतिपय अवस्थामा उत्पादकहरुले तोकिएको मात्रा भन्दा बढी प्रयोग गरेका समाचारहरु पनि आइरहेका हुन्छन् । बजारमा पाइने खाद्य वस्तुमा के कस्ता कच्चा पदार्थ प्रयोग भएको छ र कुन पोषकतत्व कति मात्रामा पाइन्छ भन्ने राम्ररी अध्ययन नगरी अनियन्त्रित तरिकाले उपभोग गर्दा नसर्ने दीर्घ रोग हुने सम्भावना हुन्छ । विभिन्न खाद्य वस्तु स्वास्थ्यका हिसाबले ठीक हुन वा हैनन् वा कति खाँदा यिनले शरीरमा नकारात्मक असर गर्दैनन् भनेर बुझ्न हामीले प्याकेटमा जानकारी स्वरुप दिइएको लेबल पढ्न र त्यसको विश्लेषण गर्न जान्नु आवश्यक हुन्छ ।

**खानेकुराको प्याकेटमा के कस्ता जानकारी हुन्छन् ?**

हामीले कुनै खाद्य वस्तु राम्रोसँग हेर्यौं भने त्यसको प्याकेटमा धेरै जानकारी दिइएको पाइन्छ । प्याकेटमा दिइएको जानकारी खाद्य वस्तु, उत्पादक र उपभोक्ताबिच गरिने संचारको महत्वपूर्ण माध्यम हो । हामीमध्ये धेरैले प्याकेटको लेबलमा त्यस खाद्य वस्तुको उत्पादन मिति र म्याद गुज्रने मिति मात्रै हेर्ने गरेका हुन्छौं । तर यसका अलावा उत्पादकले प्याकेटका माध्यबाट हामीलाई खाद्य वस्तुबारे अन्य धेरै जानकारीहरु दिएका हुन्छन् । जस्तै खाद्य वस्तु बनाउने कम्पनीको नाम, ठेगाना, उत्पादन भएको देश, वस्तुको औसत वा खुद तौल (प्याकेटबाहेकको वस्तुको तौल), सेल्फ लाइफ, पकाउने वा भण्डारण गर्न निर्देशन, वस्तुमा भएका केही एलर्जी गराउन सक्ने पदार्थ र खाद्य वस्तुमा प्रयोग भएका खाद्य पदार्थको सूची र तिनका परिमाण ।

नट्स, गहुँ, भटमास आदिले केही व्यक्तिलाई एलर्जी गर्न सक्ने भएकाले खाद्य वस्तुमा यी पदार्थ प्रयोग भएमा एलर्जेनका रुपमा उल्लेखित गरिएको हुन्छ । खाद्य वस्तु साकाहारी हो भने हरियो गोलाकार चिह्नले र मांसाहारी हो भने रातो गोलाकार चिह्नले संकेत गरिएको हुन्छ । एउटै कम्पनीमा दुई फरक खाद्य वस्तु उत्पादन हुने भए सो जानकारी समेत प्याकेटमा दिइएको हुन्छ । जस्तै चाउचाउ बनाउने कम्पनी र समुन्द्री सेलफिस प्रशोधन गर्ने कम्पनी एउटै भए चाउचाउ उत्पादकले चाउचाउमा सेलफिसका अवशेषहरु हुन सक्ने सुचना दिएका हुन्छन् । त्यसरी जानकारी दिनाले सेलफिसको एलर्जी हुने उपभोक्ताले लेबल पढी खाद्य वस्तु उपभोग नगर्न सचेत हुन सक्छ ।

खाद्य वस्तु बन्न प्रयोग गरिएको मुख्य वा सहायक पदार्थको मात्रा अनुसार नाम क्रमिक रुपमा लेखिएको हुन्छ । जस्तो पास्ता गहूँले बनेको हो भने शुरुमा गहुँ उल्लेख गरिएको हुन्छ र गहुँ भन्दा मैदा कम प्रयोग हुँदा मैदा दोस्रोमा, अण्डा मैदा भन्दा कम हुँदा तेस्रोमा, त्यस्तै मसला अण्डाभन्दा कम हुँदा चौथोमा नुन वा खाद्य वस्तुमा प्रयोग भएका प्रिजरभेटिभहरु सबैभन्दा कम मात्रामा भएमा अन्त्यमा हुनसक्छ । खाद्य वस्तुमा दिइएका विभिन्न जानकारीका साथसाथै न्यूट्रिसन लेबल पढ्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

**के हो न्यूट्रिसन लेबल ?**

न्यूट्रिसन लेबलले प्रशोधित खाद्य वस्तुमा कति पौष्टिक तत्व छ भन्ने जानकारी दिन्छ । लेबल पढेपछि स्वास्थ्यका हिसाबले खाद्य वस्तु कति खपत गर्दा उचित हुन्छ भन्ने निर्णय गर्न उपभोक्तालाई सहज हुन्छ । हामीलाई स्वस्थ रहन विभिन्न पौष्टिक तत्वहरु चाहिन्छ र त्यी पौष्टिक तत्वको अनुपात नमिलाई खाएमा हामी विभिन्न रोगका सिकार हुनसक्छौं । जस्तै अधिक बोसो वा क्यालोरी भएका खानेकुरा बढी खाए मोटोपना, मुटु रोग, मधुमेह हुनसक्छ, नुनको बढी मात्राले उच्च रक्तचापको जोखिम बढ्छ, आइरनको कमीले रक्तअल्पता र भिटामिनको कमीले पनि विभिन्न रोगका जोखिम हुन्छ । न्यूट्रिसन लेबल राम्ररी बुझ्न हामीले सर्भिङ्ग साइज र प्रतिशत डि. भि. भनेको बुझ्न आवश्यक हुन्छ ।

**सर्भिङ साइज भनेको के हो ?**

खाद्य वस्तुको खुद तौल प्याकेटमा उल्लेख गरिएको हुन्छ । खाद्यवस्तुको पोषणको विवरण प्याकेटको पछिल्लो भागमा एक तालिकामा दिइएको हुन्छ र त्यही तालिका माथि सो वस्तुको सर्भिङ्ग साइज उल्लेख गरिएको हुन्छ । कुनै पनि प्रशोधित खाद्यवस्तुको एक पटकमा खाइने मात्रालाई नै सर्भिङ्ग साइज भनिन्छ । सर्भिङ्ग साइजलाई खाद्यवस्तुको प्रकार अनुसार घरेलु मापन जस्तै चम्चा, पिस, स्लाईस आदिले प्रतीत गरिएको हुन्छ । जस्तै बिस्कुटको सर्भिङ्ग साइज पिसले जनाइएको हुन्छ, दूध वा जुसलाई कपले, ब्रेडलाई स्लाइसले र पिनट बटरलाई चम्चाले । सर्भिङ साइजकै आधारमा खाद्य वस्तुको पोषण विवरण पनि दिइएको हुन्छ । कतिपय खाद्य वस्तुले सर्भिङ्ग साइज उल्लेख नगरी १०० ग्रामका आधारमा पोषणको विवरण दिएका हुन्छन् त कसैले सर्भिङ्ग साइजसहित १०० ग्रामका हिसाबको पोषणको विवरण पनि दिएका हुन्छन् । सर्भिङ साइज अनुसार पोषणको विवरण दिँदा उपभोक्तालाई कति मात्रामा खाने भन्ने राम्रो मार्गदर्शन मिल्दछ । जस्तै पिनट बटरको सन्दर्भमा १ चम्चा वा १५ ग्राम पिनट बटरले कति शक्ति, फ्याट, प्रोटिन वा अन्य पोषकतत्व दिन्छ जानकारी भएमा उपभोक्तालाई अर्को १ चम्चा खाने कि नखानेबारे निर्णय गर्न सहज हुन्छ ।

**सर्भिङ साइजका आधारमा खाद्य वस्तु कति खाँदा स्वास्थकर हुन्छ ?**

खाद्यवस्तुमा पोषणको विवरण दिदाँ % डेल्ली भ्यालु (% डिभि) मा प्रस्तुत गरिएको हुन्छ । '% डिभि'ले खाद्य वस्तुमा के कस्ता पौष्टिक तत्व हुन्छ र ती कति मात्रामा हुँदा बढी वा कम हुन्छ भन्ने जानकारी दिन्छ । २००० किलोक्यालोरी आवश्यकता भएको वयस्क व्यक्तिको पोषकतत्वहरुको आवश्यकताअनुसार % डिभि निर्धारण गरिएको हुन्छ । बालबालिका वा वृद्धको पोषण आवश्यकता वयस्कभन्दा कम हुनाले ती वर्गका व्यक्तिले सोही वस्तु उपभोग गर्दा सर्भिङ्ग साइज विचार गरेर कम मात्रामा खानु फाइदाजनक हुन्छ । पोषणको विवरणमा कार्बोहाईड्रेट, प्रोटिन, फ्याट (स्याचुरेटेड फ्याट, मोनोअनस्याचुरेटेड फ्याट, पोलिअनस्याचुरेटेड फ्याट, ट्रान्स फ्याट) पोटासियम, सोडियम, आइरन, भिटामिन ए, डि, बी १, आदि उल्लेखित हुन्छन् ।

लेबलमा भएका कुनै पोषक तत्वको % डि भि ५ प्रतिशत भन्दा कम हुँदा सो पोषक तत्व वस्तुमा कम भएको बुझिन्छ र % डि भि २० प्रतिशतभन्दा बढी भएमा सो पोषक तत्व वस्तुमा बढी भएको बुझ्न सकिन्छ । फ्याट, कार्बोहाइड्रेट, सोडियम जस्ता पोषक तत्व धेरै खपत गर्दा विभिन्न दीर्घ रोगहरुका जोखिम हुनाले खाद्यवस्तुमा यिनका लेबल पढी % डि भि २० प्रतिशतभन्दा कम हुँदाको मात्रा विचारेर उपभोग गर्नुपर्छ । प्राय खाद्यवस्तुमा खनिज पदार्थ र भिटामिन ५ प्रतिशत भन्दा कम तर कार्बोहाइड्रेट, फ्याट, सोडियमको % डिभि २० प्रतिशत भन्दा बढी भएको देख्न पाइन्छ । खनिज पदार्थ, फाइबर र भिटामिनका हकमा पनि खाद्यवस्तुमा तिनले योगदान गर्ने % डि भि ५ प्रतिशतभन्दा कम हुँदा न्यून वा शून्य बराबर गनिन्छ र २० प्रतिशतभन्दा माथि हुँदा बढी वा राम्रो मानिन्छ । प्रोटिनको भने मात्राका साथै गुणस्तरलाई पनि प्राथमिकता दिइने हुनाले यसको % डि भि नराख्ने प्रचलन छ ।

मानौ, हामीले एक प्याकेट चिप्स लियौं । खाद्य वस्तुको खुद तौल ७५ ग्राम छ र १ सर्भिङ्ग बराबर (२८ ग्राम वा १० वटा) चिप्समा कति पौष्टिक तत्व उपलब्ध हुन्छ भनेर प्याकेटमा उल्लेखित हुन्छ । जस्तै कार्बोहाइड्रेट ५%, सोडियम ८%, टोटल फ्याट १३%, स्याचुरेटेड फ्याट ८% र आइरन २% । यी सबै पौष्टिक तत्व एक सर्भिङ खाँदा कार्बोहाइड्रेट, फ्याट, सोडियम, टोटल फ्याट, स्याचुरेटेड फ्याट २०% भन्दा कमै खाइने रैछ । त्यसका अत्तिरिक्त २ सर्भिङ (५६ ग्राम २० वटा) चिप्स खाँदा अन्य पौष्टिक तत्व कम खाइएनी टोटल फ्याट (बोसो र तेल) २६% पुग्ने रहेछ । प्रायः चिप्समा बोसोले स्वाद बढाउने र तेलमा तार्दा चिप्सको स्वाद र बाह्य गुणस्तर राम्रो हुने हुनाले तिनको प्रयोग अन्य पौष्टिक तत्वभन्दा बढी मात्रामा हुने गर्दछ ।

यदि व्यक्तिले एउटा पुरै प्याकेट चिप्स एकैपटक खान्छ भने, स्याच्युरेटेड फ्याट (बोसो), र सोडियमको पनि '% डिभि' २०% भन्दा बढी हुन पुग्छ र टोटल फ्याटको '% डिभि' त २ सर्भिङ्गमा भन्दा बढेर ३५% पुग्ने रहेछ । यसरी पुरै प्याकेट चिप्स खाँदा यो खाद्य वस्तु नुन, तेल र बोसोका आधारमा अस्वस्थकर हुने रहेछ । यसका साथसाथै कार्बोहाइड्रेट र क्यालोरी पनि एक सर्भिङ्ग खाँदा भन्दा बढ्ने रहेछ । सर्भिङ्ग बढाउँदा हामीलाई अत्यावश्यक पर्ने आइरन पनि बढ्ने रहेछ तर त्यस्का साथै अरु अतिरिक्त क्यालोरी , टोटल फ्याट, स्याच्युरेटेड फ्याटलगायत सोडियम पनि बढ्छ । त्यसैले यस खाद्य वस्तु खपत गर्दा एक सर्भिङ्गसम्म खाँदा ठीक हुन्छ । अथवा तीन अलग व्यक्तिले उत्तिकै मात्रामा खाँदा वा एउटै व्यक्तिले ३ अलग दिनमा उत्तिकै मात्रामा खाँदा ठीकै हुन्छ ।

एक ७० ग्राम चिप्सले लगभग ५०० क्यालोरी वा बढी दिन सक्छ जुन एक पटकको खाना वा खाजा बराबर हुन आउँछ । घरमै बनेको खाना वा खाजा खाँदा हामीले तरकारी, दाल, गेडागुडी वा माछामासु, अण्डा समावेश गरेको हुन सक्छौं जसले गर्दा कार्बोहाइड्रेट, प्रोटिन, चिल्लोलगायत भिटामिन र खनिज पदार्थ राम्रै मात्रामा उपलब्ध भइरहेका हुन्छन् । तर एउटा सिङ्गो चिप्स, बिस्कुट वा अन्य बजारिया वस्तु खाँदा कार्बोहाइड्रेट, चिल्लो र सोडियम पर्याप्तभन्दा बढी मात्रामा पाउँदा पनि भिटामिन, खनिज पदार्थ र फाइबरको मात्रा न्यून वा शुन्य बराबर हुन्छ ।

**के प्याकेटमा उल्लेखित सबै स्वास्थ्य दाबी सही हुन्छन् ?**

खाद्य वस्तुका विक्रेताले विभिन्न स्वास्थ्य दाबी गरिरहेका हुनसक्छन् । जस्तै, हड्डी बलियो बनाउने, प्रतिरक्षा प्रणाली सुदृढ गर्ने, सत प्रतिशत प्राकृतिक, उच्च मात्रामा एन्टिअक्सिडेन्ट, फाइबर, कम मात्रामा क्यालोरी, आदि । तर यी सबै दाबी पौष्टिक तत्वको मात्रासम्बन्धी विभिन्न प्रावधान पुगेसी मात्रै गर्न पाइन्छ जुन राष्ट्र पिच्छे फरक फरक हुन सक्छ ।

फूड याण्ड ड्रग एडमिनिस्ट्रेसनका (एफ डि ए) अनुसार खाद्य वस्तुलाई लो सुगर भनी दाबी गर्न एक सर्भिङ्गमा ०.५ ग्राम वा सो भन्दा कम चिनी प्रयोग भएको हुनुपर्दछ । रिडिउस्ड सुगर पहिलेको खाद्य वस्तुका दाँजोमा २५ % भन्दा कम चिनी प्रयोग हुनुपर्छ । नो सुगर भन्न वस्तु बन्दा वा प्याकेजिङ्ग हुँदा कुनै पनि चिनीजन्य सामाग्री हालिएको हुनुहुन्न । नो सुगर भनिएका खाद्य वस्तुमा चिनी जस्तै स्वाद बढाउन विभिन्न चिनीको दाँजोमा कम क्यालोरी दिने कृतिम गुलियो पदार्थ मिसाइएको हुन्छ । कतिपय कम्पनीले कम वा रिडिउस्ड सुगर भनेर विज्ञापन गरेता पनि वास्तवमा दाबी गरिएको भन्दा बढी चिनी प्रयोग गरिरहेका हुन्छन् । अथवा खाद्य वस्तुमा चिनी रहेको लुकाउन चिनीका विभिन्न औद्योगिक नाम दिएर लेबलिङ्ग गरिरहेका हुन्छन् जसबारे उपभोक्ता जानकार नहुन सक्छन् ।

फाइबरयुक्त अन्न प्रयोग गरिएका कतिपय वस्तुले धेरै मात्रामा खाँदा कब्जियतको संभावना कम गर्ला भन्दै सम्भावनार्थमा स्वास्थ्य दाबीमा लेखेका हुन्छन् । यसरी कतिसम्म खाँदा स्वास्थ्य फाइदा गर्छ भनेर किटान गर्न नसक्ने यस्ता खाद्य वस्तुले उपभोक्तालाई अन्योलमा झुलाइरहेका हुन्छन्। त्यसैले कम्पनीले खाद्य वस्तुमा पौष्टिक तत्व वा स्वास्थ्यसम्बन्धी जस्तै दाबी गरेता पनि एक सचेत उपभोक्ताका जिम्मेवारी बोध गर्दै हामीले खाद्य वस्तुको प्याकेट पल्टाई एकपटक लेबल जाँच्नैपर्दछ । जस्तै, यदि खाद्य वस्तुले हड्डी बलियो बनाउँछ भन्ने दाबी गर्छ भने न्यूट्रिसन लेबलमा क्याल्सियमले % डिभिमा कति योगदान गरेको छ भन्ने हेर्नुपर्छ । त्यस्तै नो फ्याट, सुगर वा लो फ्याट, सुगर भन्दा पनि चिनी र फ्याटको लेबल पढ्नुपर्छ । % डिभिका आधारमा न्यूट्रिसन लेबल स्पष्ट रुपमा नदिएको वा झुटो दाबी गरिएको खाद्य वस्तु पहिचान गर्न सचेत रहनुपर्छ ।

नेपालमा प्रशस्तै स्वदेशी वा विदेशी खाद्य वस्तु बजारिकरण गरिएता पनि ती वस्तुका लेबल राम्ररी पढेर उपभोग गर्नुपर्छ भन्ने सचेतना अझैं जनमानसमा पुर्‍याउन सकिएको छैन । यस्ता कुरा पढेर खाने कि नखाने वा कति मात्रामा खाने भन्ने निर्णय गर्न आम उपभोक्तालाई निकै जटिल छ । त्यसैले सम्बद्ध सरोकारवालहरुले यस्ता लेबलहरुलाई कसरी आम उपभोक्ता मैत्री बनाउन सकिन्छ भन्ने अनुसन्धान गर्नु आवश्यक छ । जस्तै, प्याकेट हेर्ने बित्तिक्कै यो खाद्य वस्तु कस्तो हो र कति मात्रामा खान मिल्छ भन्ने जानकारी हुने प्रतिकात्मक चिन्ह वा लेबलको छोटो स्वरुप राख्न सकिन्छ । बजारिया प्याकेटका खानेकुरा प्रायः बालबालिकामाँझ लोकप्रिय हुनाले पाठ्यक्रममा यससम्बन्धी शिक्षा समावेश गर्नुका साथै अभिभावकलाई सचेत गराउनु पनि उत्तिकै महत्वपूर्ण देखिन्छ ।

आयात भएका वा स्वदेशमै उत्पादन भएका खाद्य वस्तुको लेबलसम्बन्धी नियामवली सुदृढ गर्ने र अनुगमन कडाइका साथ निरन्तर लागू गरिरहनुपर्छ । खाद्य वस्तुको लेबलमा गलत जानकारी दिएर स्वास्थ्यसँग खेलबाड गर्ने कम्पनीलाई कडा निगरानी गर्नुका साथै अवस्था अनुसार खाद्य वस्तुलाई निषेधित गरिनुपर्छ । उत्पादकले प्याकेटमार्फत् आम उपभोक्ताहरुलाई सही सुचना सञ्चार गर्नुपर्छ र उपभोक्ता आफैंले पनि खाद्य वस्तुमा दिइएका जानकारी राम्ररी पढेर किन्ने वा किनेसी पनि बुद्धिमतापूर्ण तरिकाले खपत गर्न सचेत रहनुपर्छ । यसो भए मात्रै बजारिया खाद्य वस्तुको अनियन्त्रित खपतबाट हुन सक्ने स्वास्थ्य जोखिमलाई न्यूनिकरण गर्न सकिनेछ ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक ४४ अंकले बढ्यो



काठमाडौं । सोमबार सेयर बजार परिसूचक नेप्सेमा ४४.४५ अंकको वृद्धि देखिएको छ । २४६६ बिन्दुबाट सुरु भएको कारोबार सामान्य उतारचढावका बिच २५०८.८६ बिन्दुमा उक्लिएको हो ।

परिसूचक भारी अंकले बढे पनि कारोबार रकममा भने गिरावट आएको छ । कुल ३१९ कम्पनीको ९७ लाख १७ हजार कित्ता सेयर खरिदबिक्री हुँदा ३ अर्ब ७१ करोड ५३ लाख रुपैयाँको कारोबार भएको छ । यसअघि केही दिनको कारोबार रकम ४ अर्बभन्दा बढी थियो ।

२१० कम्पनीको सेयर मूल्य बढेको छ । ३३ कम्पनीको मूल्य घटेको छ भने एक कम्पनीको मूल्य स्थिर रह्यो ।

सीइडीबी जलविद्युत् कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । त्यस्तै कुमारी सबल योजना, यूनाइटेडलगायत कम्पनीको मूल्य ९ प्रतिशतभन्दा बढीले बढेको छ । नेप्सेमा सूचीकृत सबै उपसमूहको सूचक बढेको छ ।

# छोटी भन्सार पुनःस्थापना नहुँदा राजस्व चुहावट

राँझा (बाँके) । बाँकेमा द्वन्द्वकालमा विस्थापित भएका छोटी भन्सार हालसम्म पनि पुनःस्थापना नहुँदा राजस्व चुहावट हुने गरेको छ । नरैनापुर, डुडुवा र जानकी गाउँपालिकासँग सीमा जोडिएका भारतीय नाकामा अवस्थित सात छोटी भन्सार कार्यालय बन्द भएपछि सहजै चोरी-पैठारी हुने गरेको छ । आफ्नै भवन रहेका नरैनापुर, खडैचा र साइगाउँ छोटी भन्सारका भवनसमेत भत्किएर भग्नावशेष अवस्थामा पुगेका छन् ।

सीमावर्ती भारतीय बजार अलिगवासँग जोडिएको कटकुइँयाको सुइया बघौडा, कालाफाँटासँग जोडिएको नरैनापुर, जमुनाहसँग जोडिएको भगवानपुर, पिप्रहवासँग जोडिएको होलियाको खडैचा, निमियासँग जोडिएको हिरमिनियाको भङ्खोटन र रंजितवा बजारसँग जोडिएको साइगाउँ तथा उढरापुर गरी सात छोटी भन्सार रहेको नेपालगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी पूर्णप्रसाद लम्सालले जानकारी दिए । उनका अनुसार नेपालगञ्ज भन्सार कार्यालयबाट दूरीका हिसाबले ६० किलोमिटर टाढा सुइया बघौडा, नरैनापुर ५० किलोमिटर, भगवानपुर ४० किलोमिटर, खडैचा ४० किलोमिटर, भङ्खोटना चार किलोमिटर, साइगाउँ तीन किलोमिटर र पश्चिम साइगाउँमा रहेको उढरापुर छोटी भन्सार कार्यालय पाँच किलोमिटर दूरीमा पर्दछन् ।



छोटी भन्सार कार्यालय नभएपछि सीमा सुरक्षाका लागि खटिएको सशस्त्र प्रहरी बलले चोरी-पैठारी नियन्त्रणको काम गर्दै आएको छ । छोटी भन्सार सञ्चालन नभएको अवस्थामा पनि नेपालगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको दुई महिनामा करिब रु तीन अर्ब राजस्व असुली गरेको छ । चालु आर्थिक वर्ष २०८१/८२ को साउन र भदौमा रु दुई अर्ब ९९ करोड ४३ लाख ५४ हजार राजस्व असुली भएको नेपालगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी लम्सालले बताए । भन्सार कार्यालयले चालु आर्थिक वर्षको साउनमा रु एक अर्ब ५० करोड ३० लाख ३४ हजार र भदौमा रु एक अर्ब ४९ करोड पाँच लाख २० हजार राजस्व असुली गरेको हो ।

नेपालगञ्ज भन्सारलाई हरेक महिनामा रु दुई अर्बभन्दा बढी राजस्व असुली गर्ने लक्ष्य दिए पनि गत दुई महिनाको तथ्याङ्कअनुसार हरेक महिनामा लक्ष्यभन्दा करिब ३० देखि ३५ प्रतिशत कम मात्र राजस्व असुली भएको सूचना अधिकारी लम्सालले जानकारी दिए । रासस



**विद्यार्थीलाई पोशाक वितरणः**
विजय प्राथमिक विद्यालय रामपुर नगरपालिका-७ सर्पराजमा अध्ययनरत विद्यार्थीलाई जापानिज नागरिक काजुमासा काकीमी (ओकेबाजे) को सहयोगमा विद्यालय पोशाक वितरण। तस्विरः सुशीला रेग्मी/रासस

**दुर्गा...**

साइबर ब्यूरोको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिलको कार्यालय जिल्ला अदालत काठमाडौँमा दुईवटा मुद्दा दायर भएको हो।

जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख सन्देश श्रेष्ठका अनुसार, सामाजिक सञ्जालमा एक महिलाको चरित्रहत्या गरेको आरोपमा एउटा मुद्दा दायर भएको हो।

सामाजिक सञ्जालमार्फत् चरित्रहत्यासँग सम्बन्धित अर्को मुद्दा पनि दर्ता भएको छ।

गत ६ असोजमा भक्तपुरबाट पक्राउ परेका प्रसाई हिरासतमा परेपछि बिरामी भएको भन्दै अस्पतालमा छन्।

अभियोगमा उनीमाथि अधिकतम अर्थात् ५ वर्ष कैद र एक लाख रुपैयाँ जरिवानाको माग गरेको छ।


## हरैया बहुमुखी क्याम्पस
## कञ्चन-३, रुपन्देही, नेपाल

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

रुपन्देही जिल्ला, कञ्चन गाउँपालिका अन्तर्गत हरैयामा संचालित यस हरैया बहुमुखी क्याम्पसका लागि खुल्ला प्रतिस्पर्धाबाट पूर्णकालीन करारमा शिक्षक व्यवस्थापन गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ।

**तपसिल**

१.पदः शिक्षण सहायक (पुर्णकालिन)
- विषयः English, संख्याः १ (खुल्ला)
- आवश्यक शैक्षिक योग्यता : English मूल विषय लिई कम्तिमा द्वितीय श्रेणीमा MEd उत्तीर्ण।

२. तलव सुविधा : क्याम्पसको नियम अनुसार।
३. दरखास्त दस्तुरः रु २०००/-
४. उमेर : ४५ वर्ष ननाघेको।
५. दरखास्त आईसक्नुपर्ने अन्तिम मिति : २०८१/०६/३० गते दिउँसो २:०० वजे सम्म।
६. सम्पर्क मितिः २०८१/०७/०१ गते बिहान १०:०० बजे।
७. परीक्षा मितिः सम्पर्क मितिमा तोकिने छ।
८. परीक्षाको किसिम : लिखित, अन्तर्वार्ता र कक्षा अवलोकन।
९. आवश्यक कागजात : नागरिकताको प्रमाणपत्र र आफूले हासिल गरेका सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरू।

**शिक्षक कर्मचारी पदपूर्ति समिति**
**हरैया बहुमुखी क्याम्पस**
**फोन नं. ०७१-४१७०२२, ९८५७०५८१२६, ९८५७०३११६७**


# पानी घटेपछि बाढीपीडितहरू घर फर्किए



पाल्हिनन्दन (नवलपरासी ब सु प)। बर्दघाट सुस्ता पश्चिमको सुस्ता गाउँपालिका(५ सुस्ता गाउँमा पानी घटेपछि बाढीपीडितहरू आफ्नो घर फर्किएका छन्। अविरल वर्षाका कारण नारायणी नदीको तटबन्ध भत्केर गाउँमा बाढी पसेपछि सुस्ताका झन्डै दुई सय घर डुबानमा परेका थिए।

सुस्ता बोर्डर आउटपोष्ट (विओपी) का सशस्त्र प्रहरी निरीक्षक मानबहादुर खड्काले आइतबार साँझदेखि नदीमा बाढी घटेसँगै सुस्ता डुबान क्षेत्रमा पनि बाढी घटेकामा सोमबार प्रभावितहरू आफ्नो घर फर्किएका हुन्। यहाँ सशस्त्र र जनपथ प्रहरीको चौकीसमेत डुबानमा परेको थियो।

सुस्ता गाउँपालिका-५ का वडाध्यक्ष प्रभुनाथ अहिरले बाढी घटेपछि स्थानीय घर फर्किए पनि फुसको घर भत्केर बस्ने अवस्था नरहेको बताए। सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले यहाँका अधिकांश स्थान डुबानमा परेपछि आश्रयका लागि अन्यत्र गएकाहरू पानी घटेसँगै आफनो घर फर्किएका जानकारी दिए। "स्थानीय बाढीपीडिहरू घर फर्किएका छन्, पक्की घर भएकालाई घरमा बस्न खासै समस्या नभए पनि फुसको घर हुनेहरूलाई भने समस्या छ।

उहाँहरूका घर भत्किएकाले त्यहाँ बस्ने अवस्था छैन। अब सरकारले उचित बन्दोबस्त गर्न आवश्यक छ।"-उनले भने।

# मानवीय सहायता परिचालनमा विलम्ब नगरौँ: मानव अधिकार आयोग




काठमाडौँ। बाढीपहिरो र डुबानलगायत विपद्पछिको उद्धार, राहत वितरण, स्वास्थ्य उपचारलगायत कार्यमा विलम्ब नगर्न राष्ट्रिय मानव अधिकार आयोगले सरकारको ध्यानाकर्षण गराएको छ।

अनुगमनका क्रममा विपद् प्रतिकार्यमा ढिलाइ हुँदा प्रभावितहरूले थप समस्या भोग्नुपरेको देखिएको पनि आयोगले विज्ञप्तिमार्फत् जनाएको छ। "सुरक्षा निकायबाट उद्धारका लागि तदारुकताका साथ कार्य गरिरहेको भए पनि उद्धार सामग्री पर्याप्त नहुँदा उद्धारकार्य प्रभावकारी हुन नसकेको, सरकारले घाइतेहरूको निःशुल्क उपचार गर्ने निर्णय गरे पनि सम्पूर्ण उपचार निःशुल्क हुन नसकेको अनुगमनबाट देखिएको छ",

आयोगले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ-"भारी वर्षा हुन सक्ने हुँदा सतर्कता अपनाउन अनुरोध गरिए पनि विपद्पछिको तत्काल उद्धारका लागि सरकारी निकायबीच समन्वय, संवेदनशीलता र उद्धार सामग्री, उपकरण तथा प्रविधिको अभावका कारण सयौँ व्यक्तिले ज्यान गुमाउनु परेको पाइएको छ।"

यस्तै, उद्धार गरी अस्थायी रूपमा प्रभावितलाई राखिएका ठाउँहरूमा फोहोर र महामारी फैलिन सक्ने भन्दै स्थानीयले हटाउन माग गर्दा समस्या भएको आयोगको विज्ञप्तिमा उल्लेख छ। अस्थायी आवासको व्यवस्था गरिएका स्थानमा शौचालय, पानी, बिजुली बत्ती, सञ्चार सुविधा तथा फोहोरमैला व्यवस्थापनमा समस्या देखिएको, उद्धार गरिएका केही व्यक्तिहरू गाँस, बास, कपासका लागि आफन्तकामा सहारा लिएर बसेको र केही व्यक्तिले मनोसामाजिक भय र त्रास फैलाउने भ्रामक सूचनाहरू सामाजिक सञ्जालमा प्रसारण गरेको देखिएको पनि आयोगले जनाएको छ।

साथै, प्राकृतिक विपद्पछि खाद्यान्नलगायत उपभोग्य सामग्रीमा हुनसक्ने कृत्रिम अभाव, अस्वाभाविक मूल्यवृद्धि र सङ्क्रामक रोग फैलिन सक्ने अवस्थाप्रति सचेत रहन एवम् विपद्को अवस्थामा संवेदनशील भई उच्चतम मानवीय भावनाका साथ उद्धार, राहत तथा पुनःस्थापनाका लागि जुट्न आयोगले आग्रह गरेको छ।

सोमबार राष्ट्रिय विपद् जोखिम न्यूनीकरण कार्यकारी समितिको बैठकले विपद् प्रभावितका लागि राहत वितरणको प्रक्रिया एकद्वार प्रणालीबाट तत्काल सुरु गर्ने निर्णय गरेको थियो। खोज, उद्धार र राहत कार्यलाई उच्च प्राथमिकतामा राखेर काम गर्न सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय पनि कार्यकारी समितिको सोमबारको बैठकले गरेको छ।


## कावासोती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)**
**गण्डकी प्रदेश, नेपाल**

## विज्ञापन करको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी १५ दिने सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१५**

अन्तर सरकारी वित्त व्यवस्था ऐन २०७४ को दफा ५ को उपदफा १ (घ) बमोजिम यस नगरपालिकाको आ.व.२०८१/०८२ को लागि विज्ञापन कर उठाउने कार्यको बोलपत्रका माध्ययमद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सहभागी हुन ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ।

**विवरण**

| क्र. सं. | आय ठेक्का नं. | करको विवरण | न्यूनतम अंक | बोलपत्र जमानत | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/२०८१/०८२ | आ.व.२०८१/०८२ को लागि विज्ञापन कर उठाउने कार्य | मू.अ. कर बाहेक रु.६,००,०००/- | मू.अ.कर सहितको कबोल अंकको ५% ले हुने रकम वा सो बराबरको बैंक जमानत | रु.१,०००/- |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र रु.१,०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। यसका लागि फर्म दर्ता प्रमाणपत्र, स्थाई लेखा नं. प्रमाणपत्र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ।
२. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। सोही दिनको २:०० बजे बोलपत्र खोलिनेछ।
३. बोलपत्रसाथ आँफुले कबोल गरेको मू.अ.कर सहितको अंकको ५% ले हुने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक कावासोती शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ३२००१००३०१०१०००३ (ग-१-१) मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ।
४. बोलपत्र सदर भएपछि बोलपत्र दाताले ठेक्का सम्झौताका बखत सम्पूर्ण रकम एकमुष्ठ रकम बुझाउनु पर्नेछ। यस कार्यालयको आन्तरिक आय खातामा १३% ले हुने मू.अ.कर वापतको रकम र मु.अ.कर वाहेकको रकमको १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजस्व कार्यालयको खातामा दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ।
५. ठेक्का अवधि आ.व.२०८१/०८२ को लागि मात्र हुनेछ। सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ।
६. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।
७. तिनै तहको सरकारले प्रतिबन्ध लगाएको तथा आम नागरिकलाई प्रतिकुल असर पार्ने खालका होर्डिङ्ग बोर्ड राख्न पाईने छैन। स्वदेशी उत्पादनलाई बढावा दिने खालका विज्ञापनका बोर्डहरुलाई प्राथमिकता दिनुपर्नेछ।
८. तिनै तहका सरकारद्वारा जारि गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाईने छैन।
९. सार्वजनिक लगायत निजी स्थानमा राखिएका होर्डिङ्ग बोर्ड, वाल पेण्टिङ्ग, फ्ल्यास व्यानर आदी जस्ता व्यवसायिक विज्ञापनहरुको मात्र विज्ञापन कर उठाउन पाईनेछ।
१०. अन्य जानकारीको लागि कार्यालय समय भित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।
११. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Shivraj Municipality
**Office of Municipal Executive**
**Chandrauta,Kapilvastu**
**LumbiniProvince**

## Bid Addendum Notice

Date of firstpublication: 2081/06/01(17thSep, 2024)
Date of second publication: 2081/06/15 (01st oct, 2024)

1. Shivraj Municipality, Office of the Municipal Executive, ChandrautaKapilvastuaddendum the notice for invitation ofe-bid published on 2081/06/01 on Buddha darpan National daily as follows.

| S.N. | Contract ID | Name of Projects | Estimated Amount(With VAT)(NRs.) | Bid Security (NRs.) | Bid Doc fee | Final Bid Submission Date&Time |
|---|---|---|---|---|---|---|
| 1 | SM/CGI/081 /082-06 | Procurement of CGI sheets | 4241516.02 | 100000 | 3000 | 18thoct2024 12:00 pm (2081/07/02) |

2. For futher information contact Shivraj Municipality,Office of the Municipal Executive Chandrauta,Kapilvastu or the bidders can visit the PPMO website for more descriptions.

Chief Administrative Officer



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## सूचना सच्याइएको सम्बन्धमा

मिति २०८१।०६।१० गते राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित विद्युतीय बोलपत्र ठेक्का नं. 11/BM/POG/2081/82 Purchases of Fire Fighting Vehicle of 4000 Liter water tank with 500 liter Foam Tank को Bid Security रूपैयाँ रू. २,००,०००।- (दुई लाख) हुनु पर्नेमा अन्यथा भएकोमा संशोधन गरी bolpatragov.np/egp मा सच्चाई राखिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

**बुद्धभूमि नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# इट्टाको विकल्प एएसी ब्लक




भैरहवा । प्रविधिको विकाससँगै निर्माण काममा पनि परिवर्तन भएको छ। आधुनिक विश्वको लय पछ्याउँदै नेपालमा पनि आधुनिक निर्माण सामग्रीको प्रयोग बढ्न थालेको छ । आरसीसी प्रविधिको विकल्पमा स्टिलका संरचनाहरु बन्दैछन् । झ्याल ढोका पनि आल्मुनियम र फालाम सिसाको प्रयोग गर्न थालिएको छ। निर्माणको मुख्य स्वरुपमा देखिने गरेको परम्परागत इट्टाको विकल्पमा अहिले अटोक्लेभ्ड एरेटेड कंक्रिट (एएसी) ब्लक आएको छ । विकासित तेस्रो मुलुक, छिमेकी मुलुक भारतमा व्यापक प्रचलित नयाँ प्रविधिमा आधारित एएसी ब्लक नेपालमा पनि प्रयोगमा आउन थालिसकेको छ । भूकम्पपछि नेपाल भित्रिएको एएसी इट्टाले पछिल्लो समय निर्माण क्षेत्रमा प्रयोग बढ्दै गएको हो। पर्खाल वा घरको गारो लगाउनमा प्रयोग हुने जर्मन प्रविधिबाट निर्मित यो ब्लक हलुका, वातावरण मैत्री, भूकम्प, उच्च तापधारण क्षमता, ध्वनी र अग्नि प्रतिरोधक हुनुका साथै टिकाउलगायतका विशेषताले गर्दा पछिल्लो समय यसको प्रयोग बढ्दै गएको हो ।

निर्माण क्षेत्रमा नविनतम प्रविधिको खोजि भइरहेको समयमा भित्रिएको एएसी छोटो समयमै उपभोक्ताहरुको माझमा लोकप्रिय भैसकेको छ, लामो समयदेखि खोजिरहेको वस्तु बजारमा उपलब्ध भएकोमा इञ्जिनियर, आर्किटेक्ट, कन्ट्र्याक्टर र निर्माण व्यवसायीहरु पनि खुशी छन् ।

परम्परागत इट्टाको तुलनामा फाइदाजनक भएकाले एएसी ब्लकको माग बढ्दो क्रममा छ । अटोक्लेभ्ड एरेटेड कंक्रिट अर्थात एएसी ब्लक बनाउँदा उर्जाको बचत हुने, आकारमा एकरुपता आउने, टिकाउ, ध्वनी अवरोधक र वातावरण मैत्री हुने भएपछि नेपालमा यसको प्रयोग बढ्दै गएको हो ।

रुपन्देहीमा पनि नेपाल एएसी कम्पनिले ब्लकको उत्पादन सुरु गरि बिक्री वितरण गर्दै आएको छ । एएसी ब्लक खरानी, चुना, सिमेन्ट, जिप्सम र आलुमिनियम पाउडर मिलाएर बनाइएको हुन्छ। यसमा तातो र चिसो प्रसार गर्ने क्षमता कम हुन्छ। अर्थात् बाहिरको तातो वा चिसो भित्र कम छिर्छ । जर्मन प्रविधिबाट उत्पादन गरिएको एएसी ब्लक प्रयोग गरेर घर तथा भवन निर्माण गर्दा लागत सस्तो पर्ने, घर निर्माण कार्य छिटो सकिने र आकर्षक देखिने भएपछि यसको प्रयोगमा वृद्धि हुने कम्पनीका सञ्चालक धिरज मल्लीकले बताए ।

एएसी ब्लक रुचाइनुका कारणहरु धेरै रहेका छन् । एउटा ४ इन्च मोटाइको एएसी ब्लक ९ वटा परम्परागत माटोको इट्टा बराबर हुन्छ । सामान्यतयाः इट्टाको प्रयोग गर्दा १० देखि १५ प्रतिशत टुटफुट हुने गर्छ, तर यसको प्रयोगमा २ देखि ३ प्रतिशत मात्रै टुटफुट हुन्छ । त्यस्तै निर्माणका क्रममा सिमेन्ट खपत कम हुने र अन्य तुलनामा ३० प्रतिशतसम्म सस्तो पर्न जाने सञ्चालक मल्लीकले जनाए । त्यस्तै ब्लकको बाहिरी सतह चिल्लो हुन्छ, प्लास्टर गर्न पर्दैन । सिधैँ रङ लगाए हुन्छ । आकार एकनासको हुने भएकाले प्रयोग गर्न सजिलो छ । ब्लक संख्या नै कम लाग्ने भएकाले हरेकको जोडाइमा लाग्ने मसला (सिमेन्ट-बालुवाको मिश्रण) इट्टाको तुलनामा आधा कम हुन्छ ।

कुनै पनि भवन चाँडोभन्दा चाँडो निर्माण सम्पन्न परम्परागत इट्टाभन्दा एएसी ब्लक प्रयोग गर्दा छिटो हुन्छ भने आगोले नटिप्ने भएकाले पनि यो निकै सुरक्षित मानिन्छ। २०७२ सालको भूकम्पपछि नेपालमा यसको प्रयोग व्यापक बन्दै गएको हो । भूकम्प प्रतिरोधी क्षमताका कारण पनि यस्ता ब्लकप्रति उपभोक्ताको विश्वास बढ्दै गएको कम्पनिका प्रविधिक दिपक भट्टराईले बताए । एसीसी ब्लकका लागि नोपलमै ८० प्रतिशत कच्चा पदार्थ उपलब्ध छ भने बाँकी २० प्रतिशत कच्चा पदार्थ आयात गर्नुपर्छ ।

**नेपाल एएसीले पायो आइएसओ**

अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणीकरणको नेपालका लागि सहजीकरण कम्पनी ग्लोबल कन्सल्टका नेपाल प्रतिनिधि नारायण दवाडीले गुणस्तर प्रमाणित गर्ने नेपाल एएसी कम्पनीलाई आइएसओको लोगो प्रदान गरे । कम्पनीले विभिन्न सूचकहरु पार गरी गुणस्तर मापदण्ड पूरा गर्दै गरेकोले लोगो प्रदान गरेको बताउँदै कम्पनीको व्यवसाय अन्तर्राष्ट्रियस्तरको बन्ने उनले बताए। विश्वमा ३ करोड ७४ लाख आइएसओ प्राप्त छन् भने नेपालमा १३ सय बढी आबद्ध भई प्रमाणिकरण पाएका छन् भने ७ सय वटा प्रक्रियामा रहेको उनले जनाए। धेरै सूचकहरु रहेको गुण्स्तर प्रमाणिकरणका लागि मापदण्डमा रहनु पर्छ ।

नेपालमा पनि ठूला निर्माण कार्यमा यो ब्लकककोे प्रयोग बढ्दो छ । करिब आधा दर्जन कम्पनीले नेपालमा यसको उत्पादन गर्दै आएका छन् भने हामी निर्यातको तयारीमा रहेको नेपाल एएसी कम्पनीका अध्यक्ष प्रमोद यादवले बताए । ८० देखि १०० वर्ष आयु रहेको ब्लक ३ पूसता सम्म चल्छ, हामीले आइएसओ पनि प्राप्त गरेका छौं, पूर्ण क्षमतामा उत्पादन गरी छिमेकी देश भारतको नजिकैको बजारमा निर्यात गर्ने प्रक्रियामा रहेको यादवले जानकारी दिए ।

कम्पनीले एएसी ब्लक २४ इन्च (दुई फिट) लम्बाइ र ८ इन्च उचाइमा विभिन्न ३ वटा साइज ४, ६ र ८ इन्च मा उपलब्ध गराएको छ । कम्पनिले छिट्टै आवश्यकताअनुसार साना र बढी चल्ने आकारमा पनि उत्पाद गर्ने योजना बनाएको अध्यक्ष यादवले बताए ।

एएसी ब्लक प्रयोग गर्न सजिलो र सस्तो पर्ने भए पनि आम उपभोक्तालाई अझैं जानकारी गराउन बाँकी रहेको कम्पनीले जानकारी दिएको छ। एएसी ब्लक पनि माटोको जस्तै इट्टा हो, माटोको इट्टाभन्दा बढी बलियो र किफायती हुन्छ भने सम्झाउन जरुरी छ, ब्लक भन्ने बित्तिकै कंक्रिटकै बुझ्ने भएकोले यसलाई आम जनमानसमा चिर्न पर्छ ।

धेरै फाइदा हुँदाहुँदै पनि एएसी ब्लकका केही बेफाइदा पनि छ। एएसी ब्लकमा भारवहन क्षमता माटोको इट्टाका तुलनामा कम हुन्छ। त्यसैले घरको जगमा यो प्रयोग गर्न मिल्दैन । ३-४ वर्ष अगाडि विदेशबाट आयात गरी नगन्य मात्रामा प्रयोग भैरहेको एएसी आजको दिनमा स्वदेशमै कम्पनीले उत्पादन गरी उपभोक्ता माझ पुऱ्याइरहेका छन् । एएसीको बजार हिस्सा दिनानुदिन तीब्र गतिमा बढिरहेको छ भने सर्वसाधारण मानिसहरुमा पनि एएसी प्रयोग प्रतिको आकर्षण बढ्दो छ ।

एएसी ब्लकहरु आवासीय भवन, औद्योगिक भवन, व्यापारिक भवन, कार्यालय भवन, हस्पिटल, पर्खाल, थिएटर, विद्यालय, कलेजलगायत निर्माण गर्न प्रयोग गर्न सकिन्छ ।

# पाल्हीन्दनमा निःशुल्क रगत दिने सम्झौता



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिकालाई नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा पश्चिम नवलपरासीले रगत निःशुल्क उपलब्ध गराउने भएको छ । सोमबार पाल्हीनन्दन गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा पश्चिम नवलपरासीबिच रगत निःशुल्क उपलब्ध गराउने सम्झौता भएको हो ।

गाउँपालिकाले आफ्नो गाउँवासीहरूको लागि स्वास्थ्य उपचारमा रगत अभाव हुन नदिने भन्दै गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाबीच निःशुल्क रगत उपलब्ध गराउने सम्झौता गरिएको पालिका अध्यक्ष बैजुप्रसाद गुप्ताले बताए। उनले निःशुल्क रगत उपलब्ध गराउने सम्झौता गरेपछि रगत अभावबाट हुने मानवीय जोखिम कम हुने गाउँपालिकाका विश्वास लिएको गुप्ताले बताए ।

सोमबार पाल्हीनन्दन गाउँपालिका र रेडक्रस सोसाइटीबिच २०८१ असोजदेखि २०८२ असार मसान्तसम्म निःशुल्क रगत उपलब्ध गराउने सम्झौता भएको गाउँपालिकाले जनाएको छ नगरिकहरुलाई जुनसुकै प्रकृतिका बिरामीहरूलाई निःशुल्क रगत उपलब्ध गराउने पालिका उपाध्यक्ष फातुमा खातुन अन्सारीले जानकारी दिइन ।

आवश्यकता हेरेर रक्तदान कार्यक्रम सञ्चालन गर्नेगरी सम्झौता भएको रेडक्रस जिल्ला शाखा सभापति राजेन्द्र अग्रहरिले जानकारी दिए। गाउँपालिका मै रगतको महत्त्व र आवश्यकताका विषयमा गोष्ठीहरू सञ्चालन गर्ने, रक्तदानका बारेमा गाउँपालिकास्तरीय सचेतना गोष्ठी गर्ने, रगत आपूर्तिको लागि गाउँपालिका वा वडास्तरमा शैक्षिक संस्थाहरू, तथा संघसंस्थाबिच समन्वय गरी रक्तदान गर्ने सम्झौता पत्र उल्लेख गरिएको शाखा सभापति राजेन्द्र अग्रहरिले बताए ।

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

# सरसफाइमा विशेष ध्यान दिन निर्देशन

चन्द्रौटा । कपिलवस्तु जिल्लाको शिवराज नगरपालिकाले आगामी चाडपर्वलाई लक्षित गर्दै नगरका प्रमुख बजारहरूमा विशेष बजार अनुगमन गरेको छ । दसैं, तिहारलगायतका ठूला पर्वहरू नजिकिँदै गर्दा बजारमा उपभोक्ताहरूको चाप बढ्ने हुँदा खाद्य वस्तुको गुणस्तर र व्यापारीको अनुशासनको अवस्था बुझ्न नगरपालिकाले यस्तो अनुगमन कार्य अघि सारेको हो । नगरपालिकाले चन्द्रौटा बजार क्षेत्रलाई प्राथमिकतामा राखी औषधि, किराना, होटल, मिठाइ पसललगायतका व्यवसायिक प्रतिष्ठानहरूको अनुगमन गरेको हो ।

अनुगमनको नेतृत्व गरेका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पौडेलका अनुसार विभिन्न पसलहरूबाट म्याद नाघेका सामग्रीहरू बरामद गरिएका छन् । यस्ता सामग्रीहरू उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउन सक्ने भन्दै नगरपालिकाले तत्काल ती सामग्रीहरू जफत गरेको छ । साथै, व्यवसायिक मापदण्ड पूरा नगर्ने, कागजपत्र नभएका, र नविकरण नगरेका पसलहरूलाई पनि यथासिघ्र दर्ता र नविकरण गर्न कडा निर्देशन दिइएको छ। पौडेलले नगरपालिकाले अनुगमनलाई थप प्रभावकारी बनाउन आगामी दिनमा पनि निरन्तरता दिने बताए ।

अनुगमनको क्रममा विशेष रूपमा होटल र रेष्टुरेण्टहरूको किचनमा देखिएको फोहोर व्यवस्थापनको समस्यालाई समाधान गर्न निर्देश गरिएको छ। होटलहरूको भान्सामा स्वस्थकर अवस्था रहेकोले होटल व्यवसायीहरूलाई सुधारको लागि एक हप्ताको समय दिइएको अगुमगन अधिकृत विपिन खनालले बताए ।

अनुगमन टोलीमा वडा नं. ५ का अध्यक्ष नेत्र बेल्बासे, स्वास्थ्य प्रमुख चुरामणि भट्टराई, अधिकृत लक्ष्मी कंडेल, इलाका प्रशासनका प्रतिनिधि गोविन्द अधिकारी, स्थानीय प्रहरी, पत्रकारहरू, उद्योग वाणिज्य संघ तथा व्यापार संघका पदाधिकारीहरूको पनि उपस्थिति रहेको थियो ।

# प्रथम बुद्ध मावली क्रिकेट हुँदै




देवदह । रुपन्देहीको देवदहमा प्रथम बुद्ध मावली क्रिकेट कप-२०८१ हुने भएको छ । देवदह- ५ मा रहेको बुद्ध समुदाय युवा क्लबले यहि असोज १७ गतेदेखि उक्त प्रतियोगिता सुरु गर्न लागेको हो। प्रतियोगिताको उद्घाटन खेल पानबारी खेल मैदानमा हुने आयोजकले जनाएको छ।

सोमबार पत्रकार सम्मेलनको आयोजना गरी बुद्ध समुदाय युवा क्लबले ट्रफी र जर्सी पनि सार्वजनिक गरेको हो। पत्रकार सम्मेलनमा बोल्दै क्लबका सह-सचिव दीपशिखा खत्रीले युवाहरुलाई लक्षित गर्दै क्रिकेटको माध्यमबाट वडा, समाज, क्षेत्र, जिल्ला गर्दै राष्ट्रियस्तरका खेलाडी उत्पादन गरी राष्ट्रको गरिमालाई थप उचाईमा पुऱ्याउने उद्देश्य सहित प्रतियोगिता आयोजना गरेको बताए। उनले खेलका नियमहरु बताउँदै खेलहरु नक आउट नियमबाट खेलाइने र खेल टेनिस बलले १६ ओभरको खेलाइने बताए। तर फाइनल खेल भने २० ओभरको हुनेछ। त्यस्तै प्रतियोगितामा LBW Out हुने छैन । अरु नियमहरु ICC को नियमअनुसार खेलाइने उनले जानकारी दिए।

सोही अवसरमा बोल्दै प्रतियोगिताका प्रमुख प्रायोजक काठमाडौं क्यापिटल्सका टिम म्यानेजर नवीन ढकालले समुदाय स्तरमा रहेको क्लबले युवाहरूलाई लक्षित गर्दै महत्त्वपूर्ण प्रतियोगिता आयोजना गरेको र त्यसमा आफूहरुले पनि सहयोग गर्न पाउँदा खुसी भएको बताए। उनले प्रतियोगिताले खेलाडीहरु बिच एक आपसमा भातृत्वको सम्बन्ध कायम हुने कुरामा विश्वस्त रहेको जनाए ।कार्यक्रममा सह प्रायोजक आइजेएस जापानीज इन्स्टिच्युटका प्रतिनिधि मोनिका खनाल, क्लबका कोषाध्यक्ष अंकिता भण्डारीलगायतले आ-आफ्नो भनाइ राखेका थिए।

प्रतियोगिता सम्पन्न गर्न २ लाख ५२ हजार रुपैयाँको अनुमानित खर्च हुने आयोजक संस्थाका सल्लाहकार गोपाल भण्डारीले बताए । प्रतियोगिता पानबारी खेल मैदान, देवदह मा.विको खेल मैदान र बुद्ध दीप खेल मैदानमा खेल खेलाइने उनले जनाए । प्रतियोगितामा रुपन्देहीसहित कपिलवस्तु, नवलपरासी, पाल्पाका जिल्लाका खेलाडीहरु सहभागी हुने जनाइएको छ। प्रतियोगिताको विजेताले ५० हजार रुपैयाँ र उपविजेताले २५ हजार रुपैयाँसहित मेडल र ट्रफी प्राप्त गर्ने छन्। व्यक्तिगततर्फ म्यान अफ द सिरिजले ४ हजार, बेस्ट ब्याट्समेनले २ हजार ५ सय, बेस्ट बलरले २ हजार ५ सय रुपैयाँसहित मेडल र ट्रफी प्राप्त गर्ने छन्।

प्रतियोगितामा श्री बुद्ध सामुदायिक वन उपभोक्ता समूह सह-प्रायोजक, दुर्गा नगर टोल विकास संस्था सह आयोजक र विभिन्न संघसंस्थाले सहयोग गर्ने प्रतिबद्धता जनाएको आयोजकले जानेको छ। टिम दर्ता गर्ने अन्तिम मिति आज असोज १५ गतेसम्म र दर्ता शुल्क ४ हजार रहेको आयोजकले जनाएको छ।

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेप्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

रोगबाट बच्ने उपायहरु
-खाना खानु र खुवाउनु अघि,
-खाना पकाउनु अघि र पछि,
-बाह्य जुनसुकै वस्तु छोएपछि,
-चर्पी प्रयोग गरेपछि,
-बच्चाको दिशा पिसाब सफा गरेपछि,
-फोहोर कुरा छोएपछि,
साबनु पानीले मिचिमिची हात धौऔं, रोगबाट बचौं र बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com